# आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम

# शिवालय गाउँपालिका

## जाजरकोट

## कर्णाली प्रदेश, नेपाल

शिवालय गाउँपालिका, जाजरकोट

## शिवालय गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

**प्रमुख अतिथिज्यू, गाउँसभाका उपाध्यक्षज्यू, सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू तथा उपस्थितसम्पूर्ण महानुभावहरू,**

१. सर्वप्रथम, शिवालय गाउँपालिकाको गरिमामय १८ औं गाउँसभाको ऐतिहासिक अवसरमा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, राष्ट्रको सर्वाङ्गीण विकास, समृद्धि, सुशासन तथा अग्रगमनका लागि विभिन्न आन्दोलन र संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात—अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु। साथै, ती आन्दोलनहरूका क्रममा बेपत्ता हुनुभएका सम्पूर्ण व्यक्तिहरूप्रति उच्च सम्मान व्यक्त गर्दै घाइते तथा प्रभावित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

**सभाका सदस्यज्यूहरू,**

२. अब म शिवालय गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका **प्रमुख आधार**हरू प्रस्तुत गर्न चाहन्छु—

क. नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू,

ख.नेपालको सोह्रौं योजनाका लक्ष्य, उद्देश्य, नीति तथा प्राथमिकताहरू,

ग. नेपाल सरकारले अवलम्बन गरेका शासकीय सुधारसम्बन्धी कार्यसूची तथा नीतिगत व्यवस्थाहरू,

घ. संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,

ङ. दिगो विकास लक्ष्य तथा तिनका राष्ट्रिय प्रतिबद्धताहरू,

च. संघीय सरकार तथा कर्णाली प्रदेश सरकारले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू,

छ. शिवालय गाउँपालिकाद्वारा तर्जुमा गरिएका आवधिक, क्षेत्रगत तथा विषयगत योजनाहरू,

ज. गाउँपालिकाका विभिन्न समीक्षा, अध्ययन तथा मूल्याङ्कन प्रतिवेदनहरू,

झ. गाउँपालिकाले हालसम्म कार्यान्वयनमा ल्याएका नीति, योजना तथा कार्यक्रमहरूको उपलब्धि, सिकाइ र अनुभव,

ञ. विभिन्न संघसंस्था, व्यवसायी, बुद्धिजीवी, राजनीतिक दल, नागरिक समाज तथा सरोकारवालाहरूबाट प्राप्त सुझाव तथा परामर्शहरू,

ट. उपलब्ध स्रोत, साधन, क्षमता, आवश्यकता तथा तिनको उपयोगिताको अवस्था,

ठ. गाउँपालिकाका प्राकृतिक, धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक तथा जैविक विविधता सम्बन्धी पक्षहरू।

**सभाका सदस्यज्यूहरू,**
अब म आर्थिक वर्ष २०८३/०८४ का लागि तय गरिएका क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।

## १. आर्थिक विकास

### कृषि, पशुपन्छी तथा सहकारी विकास

३. परम्परागत निर्वाहमुखी कृषिलाई व्यवसायिक, आधुनिक तथा प्रविधिमैत्री कृषिमा रूपान्तरण गर्न यान्त्रिकीकरण, व्यवसायीकरण तथा विशिष्टीकरणलाई प्रवर्द्धन गरिनेछ। तुलनात्मक लाभ भएका बालीहरूको पहिचान, विस्तार तथा प्रवर्द्धन गरिनेछ।

४. कृषक समूहमार्फत कृषि क्षेत्रको रूपान्तरणलाई टेवा पुर्याउन कृषक समूहहरूको संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि गरिनेछ।

५. दिगो कृषि उत्पादन प्रणाली सुनिश्चित गर्न बाली संरक्षण, फलफूल बगैंचा सुदृढीकरण तथा माटोको उर्वराशक्ति सुधारका कार्यक्रम सञ्चालन गरिनेछन्।

६. कृषि पूर्वाधार, कृषि सामग्री तथा नवीनतम प्रविधिमा पहुँच सुनिश्चित गरी कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ।

७. कृषि पेशालाई आयमूलक, सम्मानित तथा मर्यादित पेशाका रूपमा स्थापित गरिनेछ। कृषि उपजको मूल्य शृङ्खला विकासमार्फत कृषकहरूको आयस्तर वृद्धि गर्न विशेष जोड दिइनेछ।

८. उच्च मूल्यका बालीहरूको प्रवर्द्धन गरी समुन्नत शिवालय निर्माणको आधार तयार गरिनेछ। वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उच्च मूल्यका कृषि बाली उत्पादनमा संलग्न गराई स्वदेशमै रोजगारी तथा उद्यमशीलताका अवसर सिर्जना गरिनेछ।

९. कृषि क्षेत्रलाई जलवायु उत्थानशील क्षेत्रका रूपमा विकास गर्दै वातावरणमैत्री तथा पर्यावरणीय कृषि प्रणालीलाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ।

१०. कृषकहरूको पहिचान तथा वर्गीकरण गरी प्राङ्गारिक तथा जैविक मल उत्पादन, गोठे मल सुधार तथा माटोको उर्वराशक्ति वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

११. खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ बमोजिम खाद्य अधिकार र खाद्य सम्प्रभुतासम्बन्धी स्थानीय तहको जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१२. चिया, कफी, बेसार, अदुवा, दलहन, आलु तथा फलफूलजस्ता व्यवसायिक बाली उत्पादन गर्ने कृषकहरूलाई उच्च मूल्य कृषि वस्तु उत्थानशील कार्यक्रमसँग समन्वय गरी उत्पादन, प्रशोधन तथा बजारीकरणमा सहयोग गरिनेछ।

१३. चिया तथा कफीजन्य उत्पादनको प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पहल गरिनेछ।

१४. स्थानीय कृषि उत्पादनको संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरणलाई व्यवस्थित गरिनेछ।

१५. पशुपन्छी सेवाको पहुँच विस्तार गर्दै डिस्पेन्सरी सेवा, पशु उपचार सेवा, प्राथमिक प्रयोगशाला सेवा तथा कृत्रिम गर्भाधान सेवालाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

१६. पशु आहारको दिगो व्यवस्थापनका लागि घाँस तथा चाराखेती विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ। आधुनिक गोठ, दाना प्रशोधन उपकरण तथा नवीनतम प्रविधिको विस्तार गर्दै लगिनेछ।

१७. मत्स्यपालन व्यवसायको व्यवसायिक विस्तार तथा प्रवर्द्धन गरिनेछ।

१८. स्थानीय आर्थिक विकासका गतिविधिहरूलाई योजनाबद्ध रूपमा कार्यान्वयन गरिनेछ। स्थानीय प्रतिस्पर्धी वस्तु तथा सेवाको सहभागितामूलक पहिचान गरी तिनको समग्र मूल्य शृङ्खला विकासमा गाउँपालिका, निजी क्षेत्र तथा सहकारी संस्थाको सहकार्यमा स्थानीय आर्थिक विकास योजनाअन्तर्गत कार्यक्रम सञ्चालन गरिनेछ।

१९. स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान, प्रवर्द्धन तथा व्यवसायिक परिचालनका लागि विशेष पहल गरिनेछ।

२०. स्थानीय रूपमा उत्पादित वस्तुको खपत प्रणालीलाई व्यवस्थित गरी आन्तरिक उपभोग वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

शिवालय गाउँपालिका, जाजरकोट

२१. शिवालय गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूको प्रभावकारी नियमन, अनुगमन तथा सुदृढीकरण गरिनेछ।

## श्रम तथा रोजगार

२२. रोजगारी, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी सेवा एकीकृत रूपमा प्रवाह गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ चैत १३ गतेको निर्णय बमोजिम विद्यमान रोजगार सेवा केन्द्रलाई **"रोजगार, सीप तथा उद्यमशीलता केन्द्र"** का रूपमा रूपान्तरणगरी प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

२३. स्थानीय तहभित्र रोजगार, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी सेवाहरू एकीकृत रूपमा प्रवाह गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२४. रोजगार संवाद मञ्चमार्फत रोजगारीका अवसरलाई सरकारी, गैरसरकारी, निजी क्षेत्र, संघसंस्था तथा अन्य साझेदार निकायसँग आबद्ध गरिनेछ। रोजगारदातालाई आवश्यक श्रमिक उपलब्ध गराउन श्रम बैंकको अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२५. वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्तिहरूका लागि श्रम स्वीकृति, सुरक्षित वैदेशिक रोजगारी तथा आप्रवासनसम्बन्धी अभिमुखीकरण सेवा **"रोजगार, सीप तथा उद्यमशीलता केन्द्र"** मार्फत सञ्चालन गरिनेछ।

२६. वैदेशिक रोजगारीमा रहेका तथा फर्किएका व्यक्तिहरू र तिनका परिवारमा देखिने सामाजिक तथा मानसिक प्रभाव न्यूनीकरण गर्न सामी कार्यक्रमसँगको सहकार्यमा मनोसामाजिक परामर्श सेवालाई प्रभावकारी बनाइनेछ।

२७. विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न आप्रवासी कामदारका परिवार, विशेष गरी महिलाहरूलाई लक्षित गरी बस्तीस्तरमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

२८. डिजिटल प्रणालीमार्फत तथ्याङ्क व्यवस्थापन, वित्तीय साक्षरता अभिवृद्धि तथा बैंक तथा वित्तीय संस्थासँगको समन्वयमा वित्तीय पहुँच विस्तार गरिनेछ।

२९. उद्यमशीलता प्रवर्द्धनका लागि व्यवसाय योजना निर्माण, बजार पहुँच विस्तार, प्रविधि हस्तान्तरण तथा सहुलियतपूर्ण कर्जासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

शिवालय गाउँपालिका, जाजरकोट

३०. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप, अनुभव, पूँजी तथा प्रविधिलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी रोजगार, स्वरोजगार तथा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछन्।

३१. समुदायमा मानसिक स्वास्थ्यप्रतिको नकारात्मक दृष्टिकोण न्यूनीकरण गर्न **"स्वस्थ मन, सबल शिवालय"** अभियान सञ्चालन गरिनेछ। स्वास्थ्य स्वयंसेविका, आमा समूह तथा स्थानीय क्लबमार्फत समुदायस्तरमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीलाई लक्षित गरी तनाव व्यवस्थापन, बुलिङ न्यूनीकरण तथा मानसिक स्वास्थ्यसम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

## लघु उद्यम विकास

३२. स्थानीय स्रोत, साधन, सीप तथा सम्भावनामा आधारित लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गरिनेछ। वन पैदावारमा आधारित उद्योग, नेपाली कागज उद्योग, अल्लो तथा सिस्नो प्रशोधन, गुराँस जुस, दालमोठ, पशु दाना, आलु चिप्स, खानेपानी उद्योग तथा स्थानीय ढुङ्गा प्रशोधन उद्योग स्थापना र विस्तारमा प्रोत्साहन गरिनेछ।

३३. उद्यमीहरूको आधुनिक प्रविधिमा पहुँच अभिवृद्धि गर्नुका साथै स्थानीय उत्पादनको बजारीकरण, ब्रान्डिङ, प्याकेजिङ तथा प्रदर्शनी मेलामार्फत बजार विस्तार गरिनेछ।

३४. परम्परागत लघु उद्योगहरूको आधुनिकीकरण तथा नवप्रवर्तनमा आधारित विकासलाई प्रोत्साहन गरिनेछ।

## पर्यटन प्रवर्द्धन

३५. गाउँपालिकाभित्र रहेका सम्भावित पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास, प्रचारप्रसार तथा प्रोफाइल प्रकाशन गरी एकीकृत पर्यटकीय सर्किट विकासमार्फत आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ।

३६. वडाकाँडा, चिनेकुम्द, कचाली, मालिका, कोर्सिना, चिउँदुवा, विउरेचुला तथा खामालेख क्षेत्रलाई समेटी पर्यटन सर्किट विकासका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक पूर्वाधार विकासको पहल गरिनेछ।

३७. शिवालय गाउँपालिकाभित्र रहेका अन्य धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन तथा प्रचारप्रसार गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गरिनेछ।

## २. सामाजिक विकास

## महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा लक्षित वर्ग

३८. महिलाहरूका लागि सीपमूलक, आयमूलक, स्वरोजगारमूलक तथा उद्यम विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरी महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तीकरण गरिनेछ। स्थानीय स्तरमा हुने नीति निर्माण तथा निर्णय प्रक्रियामा महिलाहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गरिनेछ।

३९. लैङ्गिक समानतासम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी सबै क्षेत्रमा समान अवसर, पहुँच, प्रतिफल तथा लाभ सुनिश्चित गरिनेछ। महिला श्रम तथा समय बचत गर्ने प्रविधिको प्रयोग र प्रवर्द्धनमा जोड दिइनेछ।

४०. हिंसापीडित व्यक्तिहरूको राहत, उद्धार, निःशुल्क कानुनी तथा मनोसामाजिक परामर्श सेवाका लागि आवश्यक व्यवस्था मिलाई आपतकालीन सहयोग कोष स्थापना गरिनेछ।

४१. घरेलु हिंसा, लैङ्गिक हिंसा तथा बालविवाह विरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

४२. बालविवाहमुक्त गाउँपालिका तथा बालमैत्री स्थानीय शासन घोषणाका सूचकहरू पूरा गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४३. जोखिममा रहेका तथा संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको तथ्याङ्क संकलन गरी लक्षित तथा विशेष संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

४४. किशोरीहरूका लागि जीवन उपयोगी सीप, जनचेतना तथा क्षमता विकाससम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ।

४५. टुहुरा तथा असहाय बालबालिकाहरूको स्वास्थ्य, पोषण, जीवन उपयोगी शिक्षा तथा किशोरी संवादजस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४६. ज्येष्ठ नागरिकहरूको ज्ञान, सीप तथा अनुभवलाई पुस्तान्तरण गर्न अन्तरपुस्ता सीप हस्तान्तरण, छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि ज्येष्ठ नागरिक मिलन चौतारी गठन तथा परिचालन गरिनेछ।

४७. ज्येष्ठ नागरिकहरूले समाज तथा राष्ट्र निर्माणमा पु¥याउनुभएको योगदानको सम्मान गर्दै आवश्यक सम्मान तथा सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ।

४८. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा अपाङ्गमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।



शिवालय गाउँपालिका, जाजरकोट

४९. अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा पिछडिएका वर्गका लागि परम्परागत सीप विकास, आयआर्जन, कला, संस्कृति, भाषा तथा साहित्य प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

५०. एकल महिलाहरूको तथ्याङ्क संकलन गरी उनीहरूको क्षमता विकास, आयआर्जन वृद्धि तथा जीवनस्तर सुधारका कार्यक्रमहरूमा सहभागिता बढाइनेछ।

## शिक्षा, युवा तथा खेलकुद

५१. **"उत्कृष्ट शिवालय, नमुना विद्यालय कार्यक्रम"** अन्तर्गत विद्यालयहरूको भौतिक पूर्वाधार स्तरोन्नति तथा शैक्षिक व्यवस्थापन सुधारका लागि माध्यमिक तथा आधारभूत तहको शिक्षण सिकाइ अनुदान र विद्यालय सहायक (लेखा सहायक) अनुदानलाई नमुना विद्यालय निर्माणको आधारस्तम्भका रूपमा परिचालन गरिनेछ।

५२. शिवालय गाउँपालिकाअन्तर्गतका सबै समुदायमा आधारित विद्यालय तथा बालविकास केन्द्रहरूमा आवश्यक फर्निचर व्यवस्थापन गरिनेछ।

५३. कक्षा १—५ सञ्चालन भएका विद्यालयहरूमा यसै शैक्षिक सत्रभित्र कम्प्युटर व्यवस्थापन गरी विद्यालय शिक्षालाई प्रविधिसँग जोडिनेछ।

५४. **"डिजिटल शिवालय (ICT अभियान)"** अन्तर्गत कम्प्युटर शिक्षण सिकाइको प्रभावकारी प्रयोग गर्दै माध्यमिक विद्यालयहरूमा अत्याधुनिक कम्प्युटर ल्याब स्थापना तथा डिजिटल शिक्षण सामग्रीको पहुँच सुनिश्चित गरिनेछ। ICT प्राप्त गरेका विद्यालयहरूको प्रभावकारी प्रयोग तथा व्यवस्थापनको नियमित अनुगमन गरिनेछ।

५५. सिकाइ उपलब्धि अभिवृद्धिका लागि बालविकासदेखि कक्षा १२ सम्मको शैक्षिक सामग्री व्यवस्थापन, स्थानीय पाठ्यक्रमको प्रवर्द्धन तथा कक्षा ८ को परीक्षा प्रणालीलाई मर्यादित, व्यवस्थित र प्रभावकारी बनाइनेछ।

५६. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूको पोषणस्तर सुधार, स्थानीय कृषि अर्थतन्त्र सुदृढीकरण तथा स्थानीय रोजगारी सिर्जनाका लागि **"स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम" (Home Grown School Feeding - HGSF)** लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। विद्यालयहरूमा स्थानीय दिवा खाजा तालिका लागू गरी आवश्यक कृषि सामग्रीहरू स्थानीय कृषि सहकारी, कृषक समूह, आमा समूह वा स्थानीय उत्पादक कृषकहरूबाट खरिद गर्ने व्यवस्था मिलाइनेछ।

५७. छात्रा प्रोत्साहन कार्यक्रमअन्तर्गत छात्राहरूको स्वास्थ्य तथा स्वच्छता सुनिश्चित गर्न विद्यालयहरूमा सेनेटरी प्याड बैंक तथा सुरक्षित शौचालय निर्माण र व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

५८. संस्थागत क्षमता विकासका लागि शिक्षक तथा कर्मचारीहरूको क्षमता विकास तालिम, IEMIS (शैक्षिक तथ्याङ्क प्रणाली) को प्रभावकारी व्यवस्थापन तथा शैक्षिक पात्रोको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।

५९. विद्यालय अनुगमन तथा निरीक्षण, नियमित प्रधानाध्यापक बैठक तथा शिक्षा समितिको बैठकलाई निरन्तरता दिई शैक्षिक सुशासन कायम गरिनेछ।

६०. सामुदायिक सिकाइ केन्द्रमार्फत प्रौढ शिक्षा, महिला साक्षरता तथा जीवन उपयोगी सीप विकास कार्यक्रमहरूलाई पुनः सक्रिय बनाइनेछ।

६१. शिवालय गाउँपालिकाभित्रका SEE, प्रवीणता प्रमाणपत्र तथा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूलाई प्रोत्साहन गर्न आवश्यक छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिनेछ।

## ३. पूर्वाधार विकास तथा यातायात

### सडक पूर्वाधार तथा यातायात

६२. शिवालय गाउँपालिका स्तरीय Shivalaya Ring Road (SR Road) तथा वडा नं. १ देखि ९ सम्मका वडा जोड्ने Great Ring Road (GR Road) को बाँकी खण्ड जोड्ने र ट्र्याक खोलिएका सडक खण्डहरूको स्तरोन्नति गरी यातायात सेवालाई सहज, सुरक्षित र पहुँचयोग्य बनाउने नीति लिइनेछ।

६३. वडाकाँडा—सानीमेला रणनीतिक सडक निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

६४. वडा कार्यालय लगायत अन्य क्षेत्रहरूमा निर्माण भएका सडकहरूलाई सडक मापदण्डअनुसार व्यवस्थित गरी आवश्यक जाली, नाली तथा ढल निकासको व्यवस्था गर्दै बाह्रै महिना सञ्चालन हुने सडक प्रणाली विकास गरिनेछ।

६५. गाउँपालिकाको रणनीतिक सडक छेडा—कचाली सडकको सम्पूर्ण खण्ड कालोपत्रे गर्न सम्बन्धित निकायसँग आवश्यक पहल तथा समन्वय गरिनेछ।

६६. छेडा—कचाली, शिवालय—८ र ९ देखि छेडा नगरपालिका, कल्याण—चिउँदुवा, कल्याण—चिनेकुम्द—सुयडा, थाला—कचाली, शिवालय—डुँग्रा, शिवालय—नेपा—चिप्लेकाँध, खनेटा—देउली, शिवालय—ताँगा—चिउँदुवा, मयलतडा—लिस्पानी, बालुवा—वडाकाँडा,



शिवालय गाउँपालिका, बाजुरा

बस्नेवडा—पाखा—लिस्पानी—जुँगा, शिवालय—राख्मा—खनेटा, भम्प—आले लगायतका सडकहरूको ट्र्याक खोल्ने तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६७. मैलतडा सडक पुल, नेपाखोला सडक पुल तथा टुनी बगर सडक पुलको शीघ्र निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल तथा समन्वय गरिनेछ।

६८. शिवालय गाउँपालिकामा सञ्चालन भइरहेको बस सेवालाई आवश्यक नीति तथा नियम परिमार्जन गरी व्यवस्थित, सुरक्षित र प्रभावकारी बनाइनेछ। जथाभावी यात्रु चढाउने तथा क्षमताभन्दा बढी यात्रु बोक्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ।

६९. गाउँपालिकाभित्र सञ्चालन हुने ढुवानी सेवा तथा यातायात भाडा दरलाई व्यवस्थित गरी सर्वसुलभ र जनमैत्री बनाउने नीति लिइनेछ।

७०. आगामी आर्थिक वर्ष २०८३/०८४ मा सुविधा सम्पन्न बसपार्क निर्माण गरी सञ्चालनमा ल्याउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

## भवन निर्माण तथा शहरी विकास

७१. २०८० साल कार्तिक १७ गते गएको विनाशकारी भूकम्पबाट क्षति भएका सार्वजनिक भौतिक पूर्वाधार तथा निजी घरहरूलाई भूकम्पीय जोखिमबाट सुरक्षित बनाउन सुरक्षित आवास तथा सार्वजनिक भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ।

७२. घर नक्सा स्वीकृति गर्दा भूकम्प प्रतिरोधी संरचना निर्माणलाई अनिवार्य गर्दै शिवालय गाउँपालिकाका विभिन्न वडामा निर्माण हुने भवनहरूको लागि आवश्यक नमुना नक्सा तथा मापदण्ड तयार गरी व्यवस्थित भवन निर्माणलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक स्थल, मठमन्दिर, स्थानीय तथा रणनीतिक सडकको आवश्यक मापदण्डभित्र पर्ने क्षेत्रमा भवन निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

७३. छेडा—कचाली सडक अन्तर्गत पर्ने छेडाबजार, मोर्क बजार, शिवालय तथा ढिकाले लगायतका बजार क्षेत्रलाई व्यवस्थित बजारको रूपमा विकास गर्दै क्रमशः सहरीकरणतर्फ अगाडि बढाइनेछ।

७४. आले—खनेटा, देउली, चिउँदुवा, बालुवा, वडाकाँडा लगायतका क्षेत्रमा स्थानीय बजार व्यवस्थापन तथा पूर्वाधार विकास गर्रिंदै लगिनेछ।

७५. परम्परागत शैलीको संरक्षण गर्दै जोखिमयुक्त गाह्रो माटो प्रयोग गरी निर्माण गरिएका घरहरूको जोखिम न्यूनीकरण गर्दै सुरक्षित भवन निर्माणलाई प्रोत्साहन गरिनेछ।

७६. भवन निर्माण तथा नक्सा पाससम्बन्धी कार्यविधि स्वीकृत भइसकेको हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्ने व्यवस्थालाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ।

७७. छेडा बजार तथा शिवालय बजार क्षेत्रमा सुरक्षा व्यवस्थापन तथा रात्रीकालीन आवागमन सहज बनाउन CCTV क्यामेरा तथा सडक बत्तीको व्यवस्था गरिनेछ।

७८. निर्माण भएका पूर्वाधार संरचनाहरूको दिगो उपयोग, सञ्चालन तथा संरक्षणका लागि निर्माणकै क्रममा मर्मत सम्भार कोष तथा विपद् व्यवस्थापन कोषको व्यवस्था गरी प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

## खानेपानी तथा सरसफाइ

७९. बृहत शिवालय खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न गर्न आवश्यक समन्वय गरी आर्थिक वर्ष २०८३/०८४ मा व्यवस्थित खानेपानी वितरणको व्यवस्था मिलाइनेछ।

८०. **"एक घर एक धारा, शिवालय गाउँपालिकाको अभिभारा"** भन्ने मूल मर्मलाई आत्मसात गर्दै विकास साझेदार निकायसँगको समन्वय र सहकार्यमा खानेपानी समस्या रहेका क्षेत्रहरूको पहिचान गरी सबै घरधुरीमा सुरक्षित खानेपानी पहुँच विस्तार गरिनेछ।

८१. निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरूको संरक्षण तथा दिगो सञ्चालनका लागि उपभोक्ता समितिको क्षमता विकास गरी व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। साथै मर्मत आवश्यक भएका खानेपानी योजनाहरूको नियमित मर्मत सम्भारका लागि **"हेलो धारा कार्यक्रम"** सञ्चालनगरिनेछ।

८२. नयाँ भौतिक पूर्वाधार निर्माणका क्रममा खानेपानी संरचना क्षति भएमा सम्बन्धित निर्माण कम्पनी वा निर्माणकर्तालाई जिम्मेवार बनाउने नीति लिइनेछ।

८३. लिफ्ट प्रविधिमार्फत शिवालय गाउँपालिकाका आवश्यक क्षेत्रमा सुरक्षित तथा भरपर्दो खानेपानी सेवा विस्तार गरिनेछ।

८४. जथाभावी खानेपानी पाइप काट्ने, जलाउने तथा संरचना क्षति गर्ने कार्यलाई नियन्त्रण गरी संलग्न व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ तथा आवश्यक पुनःस्थापना (Retrofitting) को व्यवस्था मिलाइनेछ।

८५. शिवालय गाउँपालिका तथा गैरसरकारी संस्थाहरूको समन्वय र सहकार्यमा पूर्ण सरसफाइ उन्मुख वडा घोषणा अभियानलाई निरन्तरता दिइनेछ।

८६. गाउँपालिका तथा विकास साझेदार निकायबाट निर्माण सम्पन्न भएका खानेपानी तथा सरसफाइ आयोजनाहरूलाई राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता (NWASH) प्रणालीमा आबद्ध गरी तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।



शिवालय गाउँपालिका, जाजरकोट

**ग्रामीण विद्युतीकरण**

८७. आगामी वर्षभित्र शिवालय गाउँपालिकाका सबै वडा, बस्ती तथा टोलहरूमा विद्युत् सेवा विस्तार सम्पन्न गर्ने नीति लिइनेछ।

८८. सबै वडाहरूमा Three Phase Line विस्तार गरी विद्युत् आपूर्ति क्षमता वृद्धि गर्दै उद्योग तथा व्यवसाय सञ्चालनका लागि आवश्यक ऊर्जा पहुँच सुनिश्चित गरिनेछ।

८९. विद्युत् करेन्टबाट हुने दुर्घटना तथा क्षति न्यूनीकरण गर्न आवश्यक सुरक्षा व्यवस्था तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

९०. सबै कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा शीघ्र विद्युत् सेवा विस्तार गरिनेछ।

९१. विद्युत् जडान भएका स्थानहरूमा तार, पोल तथा अन्य संरचनाको आवश्यक मर्मत सम्भार एवं थप HT तथा LT पोल व्यवस्थापनका लागि पहल गरिनेछ।

**४. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

९२. शिवालय गाउँपालिकालाई जलवायु उत्थानशील पालिकाको रूपमा विकास गर्न आगलागी नियन्त्रण, रिचार्ज पोखरी निर्माण, वृक्षारोपण विस्तार, भू—क्षय तथा भू—कटान नियन्त्रण, बाढीपहिरो व्यवस्थापन, वन विनाश रोकथाम, अवैध काठ ओसारपसार नियन्त्रण तथा जैविक इन्जिनियरिङ (Bio-engineering) प्रविधिको प्रयोगलाई निरन्तरता दिइनेछ।

९३. सामुदायिक वन उपभोक्ता समितिहरूले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना तयार गरी गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। विगतका वर्षहरूमा सञ्चालन भएका कार्यक्रमहरूको अवस्था तथा स्वीकृतिको अभिलेख परीक्षण गरी आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइनेछ।

९४. गाउँपालिकाभित्र रहेका महत्वपूर्ण रैथाने वनस्पति तथा वन्यजन्तुको संरक्षणका लागि वन डढेलो नियन्त्रणमा सामुदायिक वन उपभोक्ता समितिहरूसँगको समन्वय र सहकार्यमा अग्नि नियन्त्रण रेखा निर्माण तथा क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

९५. टिमुर, जडीबुटी लगायत स्थानीय सम्भावनामा आधारित गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन तथा व्यवसायिक प्रवर्द्धन गरिनेछ।

९६. जलवायु परिवर्तनबाट स्थानीय स्तरमा पर्ने असर तथा प्रभाव न्यूनीकरण गर्न स्थानीय अनुकूलन योजना (LAPA) अन्तर्गतका योजनाहरूलाई क्रमशः कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

९७. जानीजानी वन डढेलो लगाई व्यक्तिगत धनजन तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने, जथाभावी प्लास्टिकजन्य तथा अन्य फोहोर फाल्ने, मदिराजन्य बोतल तथा अन्य फोहोरको उचित व्यवस्थापन नगरी वातावरण प्रदूषण गर्ने व्यक्ति, व्यवसायी तथा सम्बन्धित पक्षलाई प्रचलित कानुनबमोजिम कारबाहीको दायरामा ल्याइनेछ।

९८. नदी तथा जलस्रोतमा करेन्ट प्रवाह गरी जलीय जीवजन्तुको नोक्सानी गर्ने कार्यलाई नियन्त्रण गरी संलग्न व्यक्तिलाई कानुनबमोजिम कारबाही गरिनेछ। त्यस्तो कार्यको सूचना दिने व्यक्ति वा संस्थालाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ तथा सूचनादाताको परिचय गोप्य राखिनेछ।

९९. शिवालय गाउँपालिकाका जलाधार क्षेत्रहरू (विउरेचुला, कोशेटाकुरा, मालिका, घोडाछाल, ताँगाचुला, कोर्सिना, बुरुसे, कचाली, चिनेकुम्द क्षेत्र) मा हुने अव्यवस्थित बसोबास तथा वन फँडानी नियन्त्रण गरी जलाधार क्षेत्रको संरक्षण गरिनेछ।

१००. गिट्टी, बालुवा, ढुङ्गा, माटो लगायत प्राकृतिक स्रोतको अव्यवस्थित दोहन नियन्त्रण गर्न वातावरणीय प्रभावको अध्ययन गरी आवश्यक व्यवस्थापन गरिनेछ। सम्भावित स्रोतलाई कानुनी दायरामा ल्याई निर्माण कार्यमा उपयोग गरिनेछ तथा अति दोहन भएका क्षेत्रमा नियन्त्रणका उपाय अवलम्बन गरिनेछ।

१०१. पहिरो नियन्त्रण तथा नदी नियन्त्रणका कार्यहरूमा संरचनागत उपायसँगै जैविक संरक्षण तथा प्राकृतिक उपायमा आधारित व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

१०२. शिवालय गाउँपालिकाले जलवायु उत्थानशील योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइसकेको सन्दर्भमा विभिन्न विकास साझेदार निकाय तथा संघसंस्थासँगको सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील पालिका निर्माण अभियानलाई अगाडि बढाइनेछ।

१०३. गाउँपालिकामा स्थापना भएको स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गर्न विकास साझेदार निकाय तथा संघसंस्थासँगको समन्वय र सहकार्यमा विपद् उद्धार तथा प्रतिकार्यका लागि आवश्यक सामग्री तथा उपकरण व्यवस्थापन गरिनेछ।

१०४. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति र वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई थप सक्रिय बनाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा व्यवस्थापन कार्यमा परिचालन गरिनेछ।

१०५. विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिई आवश्यक स्रोत थप व्यवस्थापनका लागि विपद् व्यवस्थापन क्षेत्रमा कार्यरत विकास साझेदार निकाय तथा संघसंस्थासँग समन्वय र सहकार्य गरिनेछ।

१०६. फोहोरमैला व्यवस्थापनसम्बन्धी कार्यविधि तर्जुमा गरी बजार तथा बजारउन्मुख क्षेत्रमा फोहोरमैला संकलन, व्यवस्थापन तथा सरसफाइ कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाइनेछ।

१०७. जलवायु परिवर्तनका असर तथा प्रभावसँग अनुकूलन हुन स्थानीय अनुकूलन योजना, जलवायु न्यूनीकरणका कार्यक्रम तथा समयसापेक्ष आयोजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

१०८. सेवा प्रवाहमा प्रभावकारिता, उत्तरदायित्व तथा परिणाममुखी कार्यसम्पादन सुनिश्चित गर्न प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्षसँग तथा शाखा प्रमुख र कर्मचारीहरूले प्रमुख प्रशासकीय अधिकृतसँग स्पष्ट कार्यविवरण, जिम्मेवारी तथा कार्यसम्पादन सूचकसहित कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइनेछ। कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।

१०९. नेपाल सरकारले तीनै तहका सरकारका लागि संगठन तथा व्यवस्थापन (O&M Survey) सर्वेक्षणसम्बन्धी मापदण्ड जारी गरिसकेको सन्दर्भमा उक्त मापदण्डबमोजिम गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरी गाउँसभाबाट स्वीकृत गराई प्रदेश किताबखानामा पद दर्ताका लागि आवश्यक प्रक्रिया आगामी हिउँदे अधिवेशन अगावै सम्पन्न गरिनेछ।

११०. नागरिकले स्थानीय सरकारको प्रत्यक्ष अनुभूति गर्ने गरी नियमित घुम्ती सेवा शिविरमार्फत कृषि, पशु सेवा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा भत्ता, उद्योग तथा व्यवसाय दर्ता/नवीकरण, ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण लगायतका सेवाहरू नागरिकको घरदैलोमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१११. शिवालय गाउँपालिकाको विकास प्रक्रियालाई योजनाबद्ध, दिगो तथा सुशासनमैत्री बनाउन आवधिक योजना, वस्तुगत विवरण (Profile), मध्यकालीन खर्च संरचना, यातायात

गुरुयोजना, आयोजना बैंक, स्रोत नक्सा तथा भू—उपयोग योजनालगायत क्षेत्रगत गुरुयोजनाहरू तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

११२. गाउँपालिकाको प्रशासनिक व्यवस्थापन तथा राजस्व संकलन प्रणालीलाई प्रभावकारी बनाउन राजस्व सुधार योजना, क्षमता विकास योजना तथा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

११३. गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माण, सेवा प्रवाह तथा अन्य गतिविधिहरूको जानकारी आम नागरिकसमक्ष पुऱ्याई पारदर्शिता, जनउत्तरदायित्व तथा सुशासन प्रवर्द्धन गर्न चौमासिक रूपमा सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

११४. नागरिकको सूचनाको हक सुनिश्चित गर्न गाउँपालिका तथा अन्तर्गतका शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट प्रवाह हुने सूचना सार्वजनिक सूचना पाटी तथा गाउँपालिकाको वेबसाइटमार्फत नियमित रूपमा प्रकाशन गरी पारदर्शी शासन प्रणालीलाई सुदृढ गरिनेछ।

११५. संविधान तथा प्रचलित कानुनबमोजिम गाउँसभा अन्तर्गत रहने विधायिकी तथा कार्यपालिकीय समितिहरूलाई थप क्रियाशील बनाई समितिगत प्रणालीलाई संस्थागत तथा प्रभावकारी बनाइनेछ।

११६. गाउँपालिकाबाट हालसम्म जारी भएका कानुनी दस्तावेजहरू (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, नीति, मापदण्ड तथा सूचनाहरू) लाई अद्यावधिक गरी आवश्यक अभिलेखीकरण तथा प्रदेश तहको कानुन अभिलेख प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाइनेछ।

११७. गाउँपालिकाको प्रगति अवस्था, राजस्व संकलनको स्थिति, आम्दानी तथा खर्च विवरण, प्रमुख कार्यसम्पादन विवरण तथा जिम्मेवार कर्मचारीहरूको विवरणलाई सूचनाको हकसम्बन्धी ऐन, २०६३ को दफा ५(३) बमोजिम स्वतः प्रकाशनमार्फत सार्वजनिक गरिनेछ।

११८. कर्मचारीहरूको क्षमता, योग्यता तथा कार्य जिम्मेवारीलाई मध्यनजर गर्दै तालिम आवश्यकता पहिचान (Training Need Assessment) को आधारमा क्षमता विकास कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

११९. नेपाल टेलिकमको अप्टिकल फाइबरमा आधारित इन्टरनेट सेवालाई सबै वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थासम्म विस्तार गरी डिजिटल पहुँच अभिवृद्धि गरिनेछ।



शिवालय गाउँपालिका, जाजरकोट

१२०. शिवालय गाउँपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित, प्रभावकारी तथा प्रविधिमैत्री बनाउन एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गरी क्रमशः डिजिटल कार्यालय प्रणाली विकास गरिनेछ।

१२१. गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयहरूमा ई—हाजिरी व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गरी नियमित उपस्थिति तथा सेवा अनुशासन सुनिश्चित गरिनेछ।

१२२. मौसम पूर्वसूचना प्रणालीलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै सम्बन्धित सरोकारवाला व्यक्ति तथा निकायसम्म सूचना प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१२३. गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवाहरूलाई पारदर्शी, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाउन नागरिक वडापत्रको व्यवस्था अनिवार्य गरिनेछ।

१२४. शिवालय गाउँपालिकाको जनसंख्या, भूगोल, कला, साहित्य, भाषा, संस्कृति, आर्थिक तथा सामाजिक अवस्था, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलगायत समग्र विवरण समेटिएको डिजिटल गाउँपालिका प्रोफाइल तयार गरिनेछ।

१२५. वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्द्धन गर्दै महालेखा परीक्षकको प्रतिवेदनबाट औंल्याइएका बेरुजुहरू समयमै फछर्योट गरी वित्तीय व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षलाई "बेरुजु फछर्योट तथा वित्तीय सुशासन सुदृढीकरण वर्ष" का रूपमा कार्यान्वयन गरिनेछ।

१२६. गाउँपालिकामा कायम रहेको अद्यावधिक बेरुजु मध्ये कम्तीमा पचास प्रतिशत बेरुजु रकम आगामी आर्थिक वर्षभित्र फछर्योट गर्ने लक्ष्य लिइनेछ।

१२७. गाउँपालिकाको वित्तीय सुशासन, पारदर्शिता, जवाफदेहिता तथा मितव्ययिता प्रवर्द्धनका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१२८. विगत वर्षहरूदेखि कायम रहेका बेरुजु फछर्योट कार्यलाई अभियानका रूपमा सञ्चालन गरी वित्तीय अनुशासन कायम गरिनेछ।

१२९. आगामी वर्षको ठेक्का तथा खरिद प्रणालीलाई पारदर्शी, छिटोछरितो, प्रतिस्पर्धी तथा गुणस्तरीय बनाउने आवश्यक व्यवस्था मिलाइनेछ। तोकिएको समयभित्र गुणस्तरीय कार्य सम्पन्न गर्ने व्यवसायीलाई प्रोत्साहन गरिनेछ भने सम्झौता बमोजिम कार्य नगर्ने व्यवसायीलाई प्रचलित कानुनअनुसार कारबाही गरिनेछ।

शिवालय गाउँपालिका, जाजरकोट

१३०. छेडाचौर, मोर्क, शिवालय, खनेटा बजार लगायत सार्वजनिक सडक तथा सार्वजनिक क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका घरटहरा तथा अन्य संरचना हटाउने कार्यलाई प्रचलित कानुनबमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१३१. सञ्चालनमा आएका सबै सडकहरूको लगत कट्टा गरी सार्वजनिक अभिलेख व्यवस्थित गरिनेछ।

१३२. शिवालय गाउँपालिकामा गठन भएका टोल विकास संस्थाहरुको संस्थागत र क्षमता विकास गरी योजना तर्जुमा तथा कार्यान्वयन, पूर्ण सरफाई, फोहरमैला व्यवस्थापन, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले संचालन गरेका अभियानहरुमा संलग्न गराउने नीति लिइनेछ।

१३३. स्थायी दरबन्दी भित्र रही कार्यरत अस्थायी तथा सेवा करार कर्मचारीहरूलाई नेपाल सरकारबाट समय—समयमा तोकिएको तलब वृद्धि तथा महँगी भत्ता उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। साथै कर्मचारीहरूको सामाजिक सुरक्षालाई सुनिश्चित गर्न सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने कार्य अगाडि बढाइनेछ।

<u>**सभाका सदस्यज्यूहरु,**</u>

१३४. प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट समग्र शिवालयवासीको विकास, समृद्धि, सामाजिक न्याय र सुशासनप्रति आकाङ्क्षा सम्बोधन भई समावेशी, सन्तुलित र दिगो विकास हुने विश्वास लिएको छु।

१३५. अन्तमा, नीति तथा कार्यक्रम तर्जुमा गर्नमहत्वपुर्णसल्लाह सुझाव दिनु हुने सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यस नीति तथा कार्यक्रमलाई नतिजामुखी हुने गरी कार्यान्वयन गर्न सम्पुर्ण जनप्रतिनिधिहरु, शिवालय गाउँपालिकामा क्रियाशील राजनीतिक दलका प्रमुक तथा प्रतिनिधिहरु, गैर सरकारी संस्थाहरु, विकास साझेदार निकाय, नागरिक समाज, संचार जगत प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बद्ध कर्मचारीहरु र शिवालयबासी आम नागरिकहरु लगायत सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

**धन्यवाद !**

शेर बहादुर शाही
अध्यक्ष
शिवालय गाउँपालिका, जाजरकोट

इति संवत २०८३ साल आषाढ ०९ गते रोज ३ मंगलबार शुभम्।